विनयी त्रिबेणी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्डः ८ संख्याः ५ मितिः २०८१/०९/२१ आइतवार**

## भाग - २

## विनयी त्रिवेणी गाउँपालिका

विनयी त्रिवेणी गाउँपालिका नेपालको संविधान बमोजिम विनयी त्रिवेणी गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको

# "विनयी त्रिवेणी गाउँपालिकाको लिलाम सम्बन्धी कार्यविधि, २०८१"

सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

गाउँ कार्यपालिकावाट स्वीकृत मितिः २०८१/०९/२१

# विनयी त्रिवेणी गाउँपालिकाको लिलाम सम्बन्धी कार्यविधि, २०८१

**प्रामाणिकारण मितिः**

२०८१/०९/२१

प्रस्तावनाः विनयी त्रिवेणी गाउँपालिकामा रहेको चालु हालतको भए पनि पुरानो मोडल भएको त्यसको स्पेयर पार्ट पुर्जाको अभाव तथा मर्मत सम्भार तथा संचालनमा वढि खर्च लाग्ने तथा वर्तमान अवस्थामा अनुपयोगी भनि मेकानिकल प्राविधिकवाट प्रतिवेदन सहित पेश गरेको अवस्थाका मेशिन, औजार, सवारी साधन तथा भारी उपकरण एवम् बिग्रीएर काम नलाग्ने अवस्थामा रहेका मालसमान, विभिन्न निर्माण कार्य गर्दा गराउँदा निस्कने पुनः प्रयोगमा आउन नसक्ने निर्माण सामग्री आदि अधिकार प्राप्त अधिकारीबाट आवश्यक जाँचबुझ एवम् सर्वेक्षण गरी लिलाम समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार लिलाम गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) वमोजिम यो कार्यविधि बनाईएको छ ।

## (१) संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्याविधिको नाम "विनयी त्रिवेणी गाउँपालिकाको लिलाम सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि लागु हुने छ।

## (२) परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) **"लिलाम"** भन्नाले जिन्सी निरीक्षण गर्दा टुटफुट तथा वेकम्मा भई पुनः

# अनुसूचि ३
## कार्यविधिको दफा (२) सँग सम्बन्धित
## बोलपत्र सम्बन्धी पुर्ण व्यहोराको सूचना

कार्यालको नाम :

ठेगानाः

माल सामान लिलामको सूचना

प्रथम पटक प्रकाशित मितिः-........................................

यस कार्यलयको पुरानो तपसिल बमोजिमका फर्निचर सामान, सवारी साधनहरु जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ।इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचनामा प्रथम पटक प्रकाशित भएको मितिले.....................दिन भित्र रु ५।- यो टिकट टाँसी गरी निवेदन बुझाउन ल्याउन शिलवन्दि बोलपत्र आव्हान गरिएको छ ।

(क) मालसामानको विवरण (यहाँ सबै लिलाम हुने सामानको नाम, ब्राण्ड बारे संक्षिप्त विवरण, स्पेशिफिकेशन र न्युनतम मूल्य खुलाउनु पर्नेछ) ।

| लिलाम हुने मालसामान | शुरु खरिद साल | ब्राण्ड | स्पेशिफिकेशन | न्युनतम मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ख) लिलाम बोलपत्र खोल्ने स्थान, समय र मिति

स्थान .............................. समय ........................

मिति................................

(ग) बोलपत्र साथ कुवल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको बैंकमा रहेको नं..................... धरौटी खातामा

सकिने छैन ।)

(५) अघिल्लो अर्थिक वर्षमा सामान मर्मतमा गरिएको खर्च र सो आ.व.मा. सो सामानको ह्रासकट्टी हुने रकम जोड्दा नयाँ सामानको मूल्यको ४० प्रतिशत वा सो भन्दा बढी हुन गएको अवस्थामा उक्त सामान पुनः मर्मत नगर्ने । द्रष्टव्यः "परल मूल्य भन्नाले शुरूमा खरीद गर्दाको इन्भ्वाइस मूल्य सामनलाई प्रयोग गर्ने स्थान सम्म ल्याउँदाको खर्च र सामानको कुनै भागमा नयाँ उपकरण जडान गरी वा ओभरहल गरी पुँजीगत मूल्य बडाउन गरिएको खर्च समेत जोडिएको मूल्य सम्झनु पर्दछ । यदि भन्सार छुट सुविधा प्राप्त गरिएको इन्भ्वाइस मूल्यमा भन्सार शुल्क समेत जोडी परल मूल्य कायम गर्नु पर्दछ ।"

(६) विभिन्न निर्माण कार्य गर्दा गराउँदा निस्केका पुनः प्रयोगमा आउन नसक्ने सामग्रीहरू ।

ग) वेकम्मा ठहरिएका सामान लिलाम गर्न स्वीकृति दिने प्रकृयाः

(१) रू. ३००,०००।- (तीन लाख सम्म परल मूल्य खुलेका र २,००,०००।- (दुई लाख) सम्म परल मूल्य नखुलेका भएका मेशिनरी औजार भारी उपकरण र सवारी साधन (साइकल बाहेकका) सामानहरूको लिलाम समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले लिलाम गर्न सक्ने छ ।

(२) मालसमानको परल मूल्य खुलेकोमा पाँच लाख रुपैयाँसम्मको र परल मूल्य नखुलेको भए हाल मूल्याकंन भएको मूल्यमा तीन लाख रुपैयाँसम्म वा दुवै गरेर आठ लाख रुपैयाँ सम्मका मालसमान लिलाम समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार लिलाम गर्न सकिने छ ।

(३) दफा ३ ग भन्दा बढीको विशेष प्रकारको समानहरूको लिलामको लागि लिलाम समितिको सिफारिसमा गाउँ सभाको निर्णयानुसार लिलाम गर्न सकिने छ । तर घर जग्गा जस्ता स्थिर सम्पति नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय वेगर लिलाम विक्री गर्न पाईने छैन ।

## (४) लिलाम गर्ने तरिका :

१. माथि उल्लेख गरिएको प्रकृया अनुसार लिलाम गर्ने सामान स्वीकृति भईसके पछि प्रमुख प्रशासकीय अधिकृतले लिलाम गर्ने आदेश दिनु पर्छ। सामानको लिलाम निम्न तरिकाले गर्न सकिने छ ।

क) डाँक बढावढ गराएर ।

ख) बोलपत्र माग गरेर।

२. लिलाम गर्ने सूचनाको म्यादः

क) तीन लाख रुपैयाँ सम्म मुल्याङ्कन भएको सामानको लागि ७ दिन ।

ख) तीन लाख रुपैयाँ भन्दा बढी मूल्याङ्कन भएको सामानको लागि १५ दिन।

३. सूचनाको ढाँचाः सूचनाको ढाँचा अनुसूची २ मा प्रस्तुत गरिएको छ । अनुसूची २ बमोजिमको सूचना कार्यालयले आफ्नो सूचना पाटी र वेव साईडमा राख्नु पर्नेछ ।

## (५) लिलाम सम्बन्धी व्यवस्थाः

(१) देहायका कुराहरू समेत खुलाई सूचना प्रकाशन गरी लिलाम बढावढ गराउनु पर्नेछ ।

क) मालसमानको विवरण,

ख) मालसमानको न्यूनतम मूल्य,

ग) लिलाम वढावढ हुने स्थान समय (शुरू र अन्त्य हुने समय वजे) र मिति

घ) न्यूनतम मूल्यकवाट वढावढ शुरू हुने कुरा,

ङ) लिलाम सकार गर्न डॉक बोल्न अघि नै न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा,

च) लिलाम सकार गरेको मालसमान उठाई लैजानु पर्ने अवधि।

(२) अन्य आवश्यक कुराहरू दफा ४ वमोजिम प्रकाशित सूचना बमोजिम लिलाम सकार गर्न चाहने व्यक्ति फर्म संस्था वा कम्पनिले देहाय वमोजिमको बोलपत्र फाराम दस्तुर तिरी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप

लागेको बोलपत्र फाराम किन्नु पर्ने छ ।

क) एक लाख रुपैयाँ सम्मको न्यूनतम अंक भएको बोलपत्रको लागि रु.१०००।-

ख) एक लाख देखि १० लाख रूपैयाँ सम्मको न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि २०००।-

ग) दश लाख भन्दा माथि जतिसुकैरकम न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि रु.३०००।-

(३) दफा ४ वमोजिमको लिलाम बढावढ गर्न वा बोलपत्र माग गरी लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्ने सूचना प्रकाशन गर्दा परल मूल्य नखुलेकोमा हाल मूल्याकंन गर्दा एकलाख रुपैयाँ सम्म मूल्य कायम हुने मालसमान र परल मूल्य खुलेकोमा हाल मूल्यांकन गर्दा तीनलाख रुपैयाँसम्म मूल्य कायम हुने मालसमानको लिलाम विक्री गर्न बोलपत्र माग गर्ने कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला मालपोत कार्यालयहरूमा बोलपत्र आव्हानको सूचना टास गरी र सो भन्दा बढी मूल्य कायम हुने मालसमान राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी लिलाम विक्री गर्न सकिन्छ। यसरी लिलाम विक्री गर्दा पहिलो पटक लिलाम विक्री हुन नसकेमा सात दिनको म्याद दिई पुनः लिलाम विक्रीको कारवाही गर्नु पर्ने छ। पुनः लिलाम विक्रीको कारवाही गर्दा पनि लिलाम हुन नसकेमा पुनः मूल्याकंन गरी लिलाम गर्न सकिने छ ।

(४) लिलाम सकार गरेको जिन्सी मालसमान सम्बन्धित कार्यालयले तोकेको अवधि भित्र कवोल गरेको पुरा रकम बुझाई नउठाएमा राखिएको धरौटी जफत गरी जफत रकम वरावर मात्र घटी भएका क्रमशः दोश्रो, तेश्रो वा चौथो घटीवालाको कवुल अंक स्वीकृत गर्न सकिने छ । यसरी गर्दा पनि लिलाम हुन नसकेमा पुनः लिलाम गर्नु पर्ने छ ।

(५) उपदफा ३ बमोजिमको प्रक्रियावाट विक्री हुन नसकेमा दफा ६ वमोजिमको समितिवाट पुनः मूल्यांकन गराई लिलाम बढावढ गराउनु पर्नेछ यसरी

पुनः मूल्याकंन गरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसेकमा लिलाम समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार सिधै बिक्री गर्न सक्नेछ। यसरी सीधै बिक्री हुन नसकेमा गाउँ सभाको निर्णयवाट लागत कटा गर्नु पर्नेछ।

(६) सवारी साधन, मेशनरी औजार र प्राविधिक मालसमान बाहेक फर्निचर जस्ता मालसमानको मूल्याकंन गर्दा आयकर प्रयोजनको लागि निर्धारित हासकट्टि दरको आधारमा मूल्य कायम गर्न सकिनेछ। आयु निश्चित भएका जनुसुकै मालसमानको आयु समाप्त भए पछि मूल्याकंन समितिवाट मूल्याकंन गराई लिलाम विक्री गर्न सकिनेछ।

(७) दफा ६ बमोजिमको समितिले मालसमानको मूल्य कायम गर्दा मालसमानको उपयोगिता सेवा आयु हासकट्टि, अवशेष मूल्य र बजार मूल्य समेत विचार गरी मूल्य कायम गर्नु पर्ने छ। हासकट्टि गर्दा आयकर ऐन वमोजिमको दरमा कट्टि गर्नु पर्ने छ। भन्सार नतिरेको मालसमानको मूल्य कायम गर्दा भन्सार महसुल समेत समावेश गरी सो शुल्क समेतमा ह्रास कट्टि गर्नु पर्ने छ। तर यसरी उल्लिखित आधारहरू कुनै पनि वा आशिंक रूपमा किटान गर्न नसकिने मालसमानको हकमा प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ। यसरी जानकारी प्राप्त भए पछि सम्बन्धित विशेषज्ञलाई मालसमान प्रयोगमा आउने वा नआउने वारे जाँचबुझ गर्न लगाउनु पर्ने छ। सम्बन्धित विशेषज्ञले त्यस्ता मालसमान मर्मत गरेर पनि पुनः प्रयोग हुन नसक्ने वा मर्मत गर्दा उपदफा (८) बमोजिमको स्थिति हुने प्रतिवेदनमा दिएमा सोही प्रतिवेदनलाई आधार लिई मूल्य कायम गर्न समितिलाई निर्देशन दिन सक्ने छ।

(८) यस कार्यविधि बमोजिम लिलाम बिक्री भए वा नभएको सम्बन्धमा समितिले वा नियमानुसार एक पटक निरीक्षण गरी सोको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाह्र वर्ष भन्दा बढी पुराना र चालु हालतमा नरहेका वा चालु हालतमा ल्याउन

सोही मालसामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी मर्मत खर्च लाग्ने भएमा दफा ६ बमोजिमको समितिको सिफारिसमा कार्यपालिको निर्णयानुसार लिलाम विक्री गर्न सक्नेछ ।

(१०)निमार्ण भएका भौतिक संरचना भत्काई लिलाम बिक्री गर्दा भत्काउन लाग्ने खर्च र मालसामान विक्री गर्दा प्राप्त हुने रकमको आइटम वाइज लागत अनुसार तयार गर्नु पर्नेछ । लिलामबाट प्राप्त हुने रकम भत्काउदा लाग्ने खर्च भन्दा बढी हुन आएमा फरक रकमलाई नै न्यूनतम मूल्य मानी लिलाम घटाघट सम्बन्धी कारबाही गर्नु पर्नेछ ।

(११)जफत भएका मालसामानको मूल्याङ्कन जुनसुकै कारणबाट जफत भएका मेशिन, उपकरण वा मालसामान लिलाम बिक्री गर्दा कार्यपालिकाको निर्णयानुसार लिलाम गर्न सकिने छ ।

(१२) नष्ट गर्नु पर्नेः गाउँपालिकाले प्रचलित कानुन बमोजिम आफ्नो कब्जामा लिएको वा आफ्नो मौज्दातमा रहेको मालसामानको उपयोग मिति समाप्त भएमा वा अन्य कुनै कारणबाट उपभोग गर्न नहुने प्रमाणित भएमा त्यस्तो मालसामान मुचुल्का गरी सार्वजनिक रूपमा नष्ट गर्नु पर्नेछ । यसरी नष्ट गरेपछि त्यस्तो सामानलाई मुचुल्काको आधारमा जिन्सी खातामा मिन्हा खर्च जनाउनु पर्नेछ ।

(१३) बोलपत्रको माध्यमवाट लिलाम गर्दाः

१. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्न मनासिव देखिएमा मालसमान हेर्न सक्ने अवस्था मिलाई  दफा ४ को उपदफा (२) बमोजिम म्याद दिई बोलपत्र माग गर्न सक्नेछ ।यसरी बोलपत्र आब्हान गरिएकोमा बोल अकंको दश प्रतिशतले हुने रकम बराबरको बैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राख्नु पर्नेछ । बोलपत्र माग गर्दा खरिद र दाखिला सम्बन्धी कार्य गाउँपालिकामा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२. दफा ५ को उपदफा (३) वमोजिम उल्लेख भएका कुराहरू वाहेक सूचनामा

प्रचलित कानून बमोजिम थप गर्न सकिने छ ।

३. सूचनाको ढाँचा अनुसूची ३ मा उल्लेख गरिएको छ ।

४. सूचना प्रकाशनको म्याद दफा ४ को उपदफा (२) अनुसार हुने छ ।

५. सूचनामा तोकिएको स्थान र मितिमा रितपूर्वक पर्न आएका बोलपत्रहरू खोलिने छ। एउटा मात्र बोलपत्र पर्न आएमा खोल्न वाधा पर्ने छैन, अन्य कुराहरू सूचनामा आवश्यकता अनुसार थप गर्न सकिने छ।

६. बोलपत्र फाराम दस्तुर दफा ४ को उपदफा (२) बमोजिम हुने छ ।

**(६) मूल्याकंन एंवम लिलाम समिति उल्लिखित अनुसार गाउँपालिकामा रहेका समानहरूको उचित व्यवस्था मिलाई लिलाम गर्नु पर्ने सामग्रीहरूको मूल्याकंन एंवम लिलाम प्रक्रिया व्यवस्थित गर्न देहाय अनुसारको समिति रहने छ ।**

(क) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिकाको सदस्य - संयोजक

(ख) गाउँपालिकाको अधिकृत स्तरको प्राविधिक कर्मचारी -सदस्य

(ग) गाउँपालिकाले तोकेको सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) जिन्सी शाखाको प्रमुख - सदस्य सचिव

समितिमा आवश्यकता अनुसार व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

**(७) विविध :**

(क) कार्यविधिमा उल्लेख भएका कुराहरू संशोधन गर्नु वा थप्नु परेमा कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(ख) कार्यविधिमा उल्लेख भएका कुराहरूमा द्वविधा उत्पन्न भएमा प्रचलित कानून एवम् कार्यपालिको निर्णय अन्तिम हुने छ ।

# अनुसुचि १
## कार्यविधीको दफाको ५(२) सँग सम्बन्धित
## ह्रासकट्टी दर घट्दो ह्रासकट्टी प्रणाली अनुसारको ह्रासकट्टी दर (प्रतिशत)

मालसामान

**१) भवन**

(क) सिमेन्ट वा वज सुकीको जोडाई ५
(ख)माटोको जोडाई ७
(ग)काठ वा घाँस फुसले वनेको (अस्थाई) ५०

**२) यातायातका साधनहरु**

(क) वस/मिनीबस, ट्रक, लरी २०
(ख)कार, जीप, भ्यान, मोटर, साइकल, स्कुटर, टेम्पो, सन, दमकल, सक्सन ट्ंयाकी १५
(ग)साइकल रिक्सा २०

**३) फर्निचर**

(क) धातुको २०
(ख)काठको २५

**४) यन्त्र, उपकरण तथा औजार**

(क) भवन, सडक, पुल, खानी, टनेल र्निमाण सम्बन्धि ५
(ख) बुल्डोजर, डोजर, ग्रेडर, रोडर, डुम्प, ट्रक र यस्तै प्रकृतिका यन्त्र उपकरण २०
(ग) अन्य हलुका यन्त्र र उपकरण २५
(घ) विद्युत सम्बन्धि यन्त्र उपकरण टेलीफोन, मोबाईल २५
(ङ) रेफिजेरेटर, एयर कन्डिसनर, एयरकुलर र यस्तै प्रकृतिका अन्य उपकरण २५
(च) लिफ्ट, एलिभेटर, तथा एस्क्यालेटर २५
(छ) कम्प्युटर सम्बन्धि उपकरणहरु २५

(ज) रबर र प्लाष्टिकका सामान बनाउन प्रयोग गर्ने यन्त्र उपकरण २५

(झ) होजीयरी तथा ऊनको सामान बनाउन प्रयोग गर्ने यन्त्र उपकरण २५

(ञ) क्यानमास तथा छालाका सामान सिलाई गर्ने तथा नाप्ने यन्त्र उपकरण २५

(ट) चिया कारखानामा प्रयोग हुने यन्त्र उपकरण र प्लास्ट रोलर ड्रायर समेत २५

(ठ) बुस ब्वाइलिङ पेन्स (कराई) २५

(ड) उखु पेल्ने मेशिन २५

(ढ) सलाई बनाउन प्रयोग हुने काठका फर्म २५

(ण) एक्सरे मेशिन २५

(त) प्रयोगशालामा प्रयोग हुने यन्त्र उपकरण २५

(थ) कार्यालय सम्बन्धि मालसामान एवं उपकरणहरु २५

(टाइप राइटर, क्यालकुलेटर, डुप्लिकेटिङ्क मेशिन, फोटोकपि मेशिन आदि)

# अनुसूचि -२
# कार्यविधिको दफा ४ (१) को उपदफा (३) सँग सम्बन्धित
# पुर्ण व्यहोराको सूचना

कार्यालको नाम :

ठेगानाः

माल सामान लिलाम बढाबढको सूचना

प्रथम पटक प्रकाशित मितिः-.......................................

यस कार्यालयको पुरानो तपसिल बमोजिमका फर्निचर अफिस सामान, सवारी साधनहरु जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ।इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना ....................... मा प्रथम पटक प्रकाशित भएको मितिले....................दिन भित्र रु ५।- को टिकट टाँसि गरी निवेदन बुझाउन ल्याउन लिलाम आव्हान गरिएको छ ।

(क) मालसामानको विवरण (यहाँ सबै लिलाम हुने सामानको नाम, ब्राण्ड बारे संक्षिप्त विवरण, स्पेशिफिकेशन र न्युनतम मूल्य खुलाउनु पर्नेछ) ।

लिलाम हुने मालसामान शुरु खरिद साल ब्राण्ड स्पेशिफिकेशन न्युनतम मूल्य

(ख) लिलाम वढावढ हुने स्थान, समय र मिति

स्थान ............................. समय .......................

मिति.................................

(ग) न्युनतम मूल्य बाटै वढावढ शुरु हुने छ।

(घ) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्युनतम मूल्य रु.......................... को ले हुने नगद धरौटी राख्नु पर्नेछ।

(ङ) लिलाम सकार गरेको मालसमान सकारेको...........दिन भित्र आई लैजानु पर्नेछ ।

(च) लिलाम वढावढ हुने मालसमान हेर्न चाहनेले कार्यालय समय ११ बजे देखी १ बजे सम्म ....................शाखामा सम्पर्क गरी हेर्न सक्ने छ ।

(छ) बोलपत्रको हकमा कार्यविधिमा उल्लेख भए अनुसार हुने छ ।

(ज) माथि उल्लेखित कुराहरुबाहेक अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

# अनुसूचि ३
# कार्यविधिको दफा (२) सँग सम्बन्धित
# बोलपत्र सम्बन्धी पुर्ण व्यहोराको सूचना

कार्यालको नाम :

ठेगानाः

माल सामान लिलामको सूचना

प्रथम पटक प्रकाशित मितिः-.......................................

यस कार्यलयको पुरानो तपसिल बमोजिमका फर्निचर सामान, सवारी साधनहरु जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएको हुनाले यो सूचना प्रकाशित गरिएको छाइच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचनामा प्रथम पटक प्रकाशित भएको मितिले.....................दिन भित्र रु ५।- यो टिकट टाँसी गरी निवेदन बुझाउन ल्याउन शिलवन्दि बोलपत्र आव्हान गरिएको छ ।

(क) मालसामानको विवरण (यहाँ सबै लिलाम हुने सामानको नाम, ब्राण्ड बारे संक्षिप्त विवरण, स्पेशिफिकेशन र न्युनतम मूल्य खुलाउनु पर्नेछ) ।

| लिलाम हुने मालसामान | शुरु खरिद साल | ब्राण्ड | स्पेशिफिकेशन | न्युनतम मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ख) लिलाम बोलपत्र खोल्ने स्थान, समय र मिति

स्थान ............................... समय .......................

मिति.................................

(ग) बोलपत्र साथ कुवल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको बैंकमा रहेको नं...................... धरौटी खातामा

नगद जम्मा गरेको सक्कल भउचर समावेश गर्नु पर्ने छ ।

(घ) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएपछि................. दिनमा सम्पूर्ण रकम दाखिला गरी समान उठाई लैजानु पर्ने छ।अन्यथा बोलपत्र रद्ध गरी धरौटी जफत हुने गरिने छ ।

(ङ) बोलपत्र फाराम रु........................... (फिर्ता नहुने गरी) तिरी यस कार्यालयको................ उप शाखाबाट लिन सकिने छ ।

(च) लिलाम हुने मालसमान हेर्न चाहनले कार्यालय समय ११:०० बजे देखी १:०० बजे सम्म हेर्न आउने................शाखामा सम्पर्क राख्नु पर्नेछ ।

(छ) लिलाम भाग लिन चाहने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र ईच्छुक फर्म वा कम्पनीले नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपी र कर चुक्ताको प्रमाण पेश गर्नुपर्नेछ।

(ज) माथि उल्लेखित कुराहरुबाहेक अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

..................

आज्ञाले

सुमन पण्डित

प्रमुख प्रशासकीय अधिकृत